# 'आर्थिक वर्ष २०७५।०७६ को
# वार्षिक नीति, कार्यक्रम तथा बजेट

## माप्य दुधकोशी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

**बासा, सोलुखुम्बु**

**प्रदेश नं. १,**

## खण्ड १- परिचय

### १.१ स्थानीय तहको संक्षिप्त परिचय

साविकमा नेपाल अधिराज्यको पुर्वाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने सगरमाथा अञ्चलको पाँच पहाडी जिल्लाहरु मध्येको एक सोलुखम्बु जिल्लाका तीनवटा गाउँ विकास समितिहरु काँकु, वाकु र बासा पुरै एवम् जुभिङ गाउँ विकास समितिको वडा नम्बर २,३,४ र ६ को संयोजन भई हाल १ नम्बर प्रदेश अन्तर्गतका स्थानीय तहरुहरु मध्ये दुधकोशी गाउँपालिका २०७३।११।२२ गते गठन भएको हो । भौगोलिक रुपमा विकट र दुर्गम भएता पनि दुधकोशी गाउँपालिकाको पर्यटकीय, व्यवसायिक, साँस्कृतिक, वातावरणीय लगायतका विभिन्न बहुआयामिक सम्भावना र पक्षहरु महत्वपूर्ण पहिचानको रुपमा रहेको छ । विभिन्न जातजातिहरु बीचको सामाजिक, साँस्कृतिक र धार्मिक सहिष्णुता, सद्भाव, सहकार्य र एकता हाम्रो दुधकोशी गाउँपालिकाको अनुपम विशेषता हो । दुधकोशी नदीबाट जलविधुत र जलपर्यटनको प्रवर्द्धन एवम् वडा नम्बर छ स्थित वाप्साखानीमा रहेको आंशिक रुपमा पहिचान भएको विशाल तामाखानीको उत्खनन् र प्रशोधन गरी बृहत्तर आर्थिक विकासको ढोका खोल्न सकिने सम्भावना यस गाउँपालिकामा रहेको छ । सदरमुकाम सल्लेरीबाट काँकु, बासा र जुभिङ हुँदै खुम्बुक्षेत्र जोड्ने सडकको विकास गरी नियमित सडक यातायात सञ्चालनको व्यवस्था मार्फत पर्यटन मार्गका विकास गर्न सकिने प्रचुर सम्भावना रहेको छ ।

#### १.१.१ दुधकोशी गाउँपालिकाको राजनैतिक विभाजन र जनसंख्या

| | |
|---|---|
| प्रदेश | : १ नम्बर |
| जिल्ला | : सोलुखुम्बु |
| गाउँ कार्यपालिकाको कार्यालय | : खास्ताप, बासा |
| वडा संख्या | : ७ |
| जनसंख्या | : १३४१४ |

#### १.१.२ भौगोलिक अवस्था तथा सिमाना

| | |
|---|---|
| क्षेत्रफल | :१६७.६७ वर्ग कि.मी. |
| पूर्व | : सोताङ गाउँपालिका |
| पश्चिम | : सोलुदुधकुण्ड नगरपालिका |
| उत्तर | : खुम्बु पासाङल्हमु गाउँपालिका |
| दक्षिण | : थुलुङ दुधकोशी गाउँपालिका |

माप्य दुधकोशी गाउँपालिकाको वडागत घरदुरी, जनसंख्या र क्षेत्रफल

| वडा | घरदुरी | महिला जनसंख्या | पुरुष जनसंख्या | जम्मा जनसंख्या | क्षेत्रफल (वर्ग कि.मी.) |
|---|---|---|---|---|---|
| १ | ३३५ | ७८३ | ७४१ | १५२४ | २२.४३ |
| २ | ३०८ | ७९० | ७५३ | १५४३ | २२.४ |
| ३ | ३६८ | ८९२ | ८२१ | १७१३ | १२.५१ |
| ४ | ३३८ | ७६८ | ७६१ | १५२९ | १३.०७ |
| ५ | ४९१ | ११८८ | १०७३ | २२६१ | ३५.७६ |
| ६ | ५४१ | १३११ | १२५५ | २५६६ | २०.३२ |
| ७ | ४२२ | ११५३ | ११२५ | २२७८ | ४१.१८ |
| जम्मा | **२८०३** | **६८८५** | **६५२९** | **१३४१४** | **१६७.६७** |

### १.१.३ प्रमुख नदीनाला, झरना, खानी र विशेष क्षेत्र

यस गाउँपालिका क्षेत्रमा पर्ने दुधकोशी नदी खुम्बु पासाङल्हमु गाउँपालिकाबाट आई यस गाउँपालिकाको बीचबाट दुधकौशिका गाउँपालिका हुँदै सुनकोशी नदीमा मिसिन पुग्दछ । दुधकोशी गाउँपालिकाको वडा नं. ५ मा रहेको सुन्दर झरना रहेको छ । त्यसैगरी वडा नं. ६ स्थित वाप्सामा तामाखानी रहेको छ ।

### १.१.४ धर्म, संस्कृति र जातजाती

यस गाउँपालिका क्षेत्रमा किरात, हिन्दु, बौद्ध र ईसाई धर्मालम्बीहरुको बसोबास रहेको छ । यस क्षेत्रमा भुमेपुजा, वास, दशैं, तिहार, ल्होसार, माघे र साउने संक्रान्ति, क्रिसमस लगायतका चाडपर्वहरु मनाउने गरिन्छ । यस गाउँपालिकामा किरात खालिङ राई, तामाङ, शेर्पा, क्षेत्री, ब्राम्हण, कार्की, भुजेल, दलित लगायतका जातजातिहरुको मिश्रित बसोबास रहेको छ ।

## १.२ विद्यमान अवस्थाको समिक्षा

दुधकोशी गाउँपालिका सोलुखुम्बु जिल्लाको स्थानीय तहहरु मध्ये आर्थिक समृद्धिको सम्भावना बोकेको छ एक स्थानीय तह हो । यहाँको तामाखानी उत्खनन्, जडिबुटी संकलन र प्रशोधन, बौद्ध गुम्बा, किरात खालिङ राईहरुको साँस्कृतिक नाच वास र अन्य जातिहरुको साँस्कृतिक पर्व एवम् जात्राहरुको प्रवर्द्धन मार्फत् साँस्कृतिक पर्यटनको सम्भावना समेत अधिक रहेको छ । गाउँपालिकाको मध्यभागबाट बग्ने कञ्चन दुधकोशी

नदीबाट जलविधुत र जलपर्यटनको प्रचुर सम्भावना छ । यस गाउँपालिकामा पर्याप्त मात्रामा रक क्लाईम्बिङको समेत सम्भावना छ ।

यस गाउँपालिकामा मौसमी खेतीको रुपमा मकै, कोदो, धान, गँहु, जौ, भटमास, फापर, तोरी लगायतका खाद्यान्न तथा अलैची लगायतका अन्य नगदेबाली, तरकारी खेतीको उत्पादन गरी निर्वाहमुखीबाट व्यवसायिक कृषितर्फ उन्मुख हुन सकिने अवस्था रहेको छ । विभिन्न धार्मिक र जातीय समुदाय बीचको सहिष्णुता, सद्भाव, सहकार्य र एकता यस गाउँपालिको एक अनुपम विशेषता र सवल पक्ष हो ।

### १.२.२ कमजोर पक्ष

भौगोलिक कठिनाईका कारण यस गाउँपालिकाका सबै नागरिक सडक सञ्जालमा आबद्ध गर्न सकिएको छैन । विकासका पूर्वाधारहरुको यथेष्ट मात्रामा विकास र विस्तार गर्न सकिएको छैन । शैक्षिक अवस्थामा राष्ट्रिय स्तरभन्दा न्यून रहेको छ । विद्यालय छाड्ने, अनुपस्थित हुने र कक्षा दोहोर्‍याउने विद्यार्थीको संख्या बढ्दो क्रममा देखिन्छ । स्वास्थ्यकर्मी, स्वास्थ्य संस्थाहरुको दक्षता र गुणस्तर बृद्धि हुन नसक्दा आधारभुत स्वास्थ्य सेवा प्रवाह अपेक्षाकृत रुपमा सबल हुन सकेको छैन । योजनाको प्राथमिकीकरण र स्रोतलाई प्राथमिकता प्राप्त क्षेत्रमा परिचालन गर्दै दिगो विकासको प्रयास तुलनात्मक रुपमा हुन सकिरहेको छैन । शैक्षिक संस्थाहरुको व्यवस्थापन, शिक्षकहरुको क्षमता अभिवृद्धि र समय समयमा अनुगमनको अभावमा शैक्षिक गुणस्तर सन्तोषजनक हुन सकेको छैन । युवाहरुलाई शिक्षा र उद्यमशिलता तर्फ उत्प्रेरित गर्नुपर्ने सकिएको छैन । अधिकांश युवाहरु पढाई र उद्यमशिलता भन्दा वैदेशिक रोजगारतिर आकर्षित हुन दिर्घकालिन रुपमा सकरात्मक छैन ।

### १.२.३ अवसर

दुधकोशी गाउँपालिकामा प्राकृतिक स्रोतको रुपमा तामाखानी, दुधकोशी नदी, जडीबुटी लगायत अन्य श्रोतहरु रहेको छ । तरकारीखेती र नगदेबालीको लागि उपयुक्त हावापानी रहेको छ । कच्ची सडक सदरमुकाम देखि गाउँपालिकाको केन्द्रसम्म विस्तार भएको छ यसको मर्मत र स्तरउन्नतिसंगै अन्य विकासका पूर्वाधार निर्माणमा यसले सहजता ल्याएको छ । स्थानीय युवाहरुमा राजनीतिक र सामाजिक सचेतना आएको छ ।

### १.२.४ चुनौति

करिब दुई दशकसम्म स्थानीय तह जनप्रतिनिधी बिहिन अवस्थामा रहेको थियो, त्यो अवस्थाबाट स्थानीय तहको निर्वाचन सफलतापुर्वक सम्पन्न भएसंगै पार पाएको छ । स्थानीय तहका प्रतिनिधी नागरिकका अभिभावक हुन् । स्थानीय तहको कार्यन्वयन र निर्वाचन मार्फत् नयाँ प्रतिनिधीहरु चुनिएपछि आम नागरिकहरुमा नयाँ आशा र विश्वासको सञ्चार भएको छ, अपेक्षा बढेर गएको छ । ती सबै अपेक्षाहरुलाई सम्बोधन गर्न स्थानीय तहसंग भौतिक पुर्वाधार, आर्थिक स्रोत र जनशक्तिको अभाव छ, नीतिगत र कानूनी स्पष्टताहरु विद्यमान छन् ।

यसैगरी स्थानीय सरकारको रुपमा रहेको स्थानीय तहलाई राज्यको मुलप्रवाहीकरणबाट हिजो विभिन्न कारणले पछि परेको जाति र समुदायलाई गतिशिल शासन पद्दतिमा उनीहरुको सक्रिय सहभागीता र लाभप्राप्तिको सुनिश्चितता गर्नुपर्ने दायित्व सिर्जना भएको छ । गाउँपालिका क्षेत्रभित्र गुणस्तरीय, वैज्ञानिक र व्यवसायकि

शिक्षा, सर्वसुलभ स्वास्थ्य सेवा, यातायातको पहुँच, दिगो र सुरक्षित आवास, खाद्य सुरक्षा, गुणस्तरीय जीवनको प्रत्याभुत गर्नुपर्ने चुनौति थपिएको छ । नेपालले अन्तर्राष्ट्रिय मञ्चमा जनाएका प्रतिबद्धताहरु पूरा गर्न दिगो विकासका लक्ष्यहरुको प्राप्ति, मानव विकास सूचाकांकमा उल्लेख्य सुधार गर्नुपर्ने अवस्था छ । सुशासनको प्रत्याभुत गराई जनस्तरमा राज्यको उपस्थितिको बोध गराउँदै राज्य र जनताबीचको दूरी कम गर्दै समग्रमा गाउँपालिकाभित्रका आम नागरिकहरुको सर्वाङ्गीन जीवनस्तरमा सुधार ल्याउनुपर्ने छ ।

## १.३ वार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमाका लागि अवलम्बन गरिएको पद्दति

- नेपालको संविधानले प्रत्याभुत गरेका मौलिक अधिकारहरु, राज्यका निर्देशक सिद्धान्तहरु तथा नीतिहरुलाई वार्षिक नीति तथा कार्यक्रम तय गर्ने प्रमुख आधारको रुपमा लिईएको छ ।

- नेपाल सरकारबाट आ.व. ०७५।०७६ को लागि प्रस्तुत भएको नीति तथा कार्यक्रमलाई यस गाउँपालिकाको नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने मूल आधारको रुपमा लिईएको छ ।

- गाउँपालिकाको नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा प्रतिबद्धता कामय गरका विषयहरु, विभिन्न द्विपक्षीय तथा बहुपक्षीय सन्धि सम्झौताहरुलाई महत्वपुर्ण सन्दर्भको रुपमा प्रयोग गरिएको छ ।

- न्यायालयबाट विभिन्न समयमा प्रतिपादन भएका न्यायिक नजिर, सार्वजनिक महत्वका आदेश तथा फैसलाहरुलाई समेत नीति तथा कार्यक्रम तर्जुमामा महत्वपुर्ण आधारको रुपमा लिइएको छ ।

- चौधौं आवधिक योजनाले राखेका दीर्घकालिन सोच, लक्ष्य र उद्देश्यहरुलाई मध्यनजर गर्दै नीति तथा कार्यक्रमहरु तय गरिएको छ ।

- सहस्राव्दी विकास लक्ष्यहरुको अभ्यासबाट सिर्जित नौलो अवसरहरुको सदुपयोग गर्दै दिगो विकासका लक्ष्यहरु हाँसिल गर्नका लागि स्थानीय तहबाट चाल्न सकिने कदमहरुलाई पनि नीति तथा कार्यक्रम तर्जुमा गर्ने पद्दतिको रुपमा लिइएको छ ।

## १.४ योजना प्राथमिकिकरणका आधारहरु

आर्थिक वर्ष २०७५।०७६ को लागि विभिन्न आयोजनाहरु प्राथमिकीकरण गर्दा देहायका विषयहरुलाई आधारको रुपमा प्रयोग गरिएको छ :

- चौधौं आवधिक योजना तथा अन्य क्षेत्रगत आवधिक योजनाहरुले निर्दिष्ट गरेका विषयहरु समावेश गरी क्रमागत एवम् अधुरा रहेका आयोजनाहरु तथा थोरै रकममा सम्भार गरी पुनः सञ्चालनमा ल्याउन सकिने आयोजनाहरु,

- सर्वसाधारण नागरिकलाई तत्काल प्रत्यक्ष राहत तथा फाईदा हुने तथा स्वरोजगार प्रवर्द्धन हुने आय आर्जन वृद्धि हुने प्रकारका योजना तथा कार्यक्रमहरु,

- सडक लगायत अन्य भौतिक पूर्वाधारहरु जसले अन्य विकास क्रियाकलापलाई समेत मद्दत पुग्ने कार्यक्रमहरु,
- कृषि उत्पादनमा वृद्धि हुने तथा सहयोग पुऱ्याउने योजना तथा कार्यक्रमहरु,
- वातावरण संरक्षण तथा सम्वर्द्धन र जलवायु परिवर्तन अनुकूलतामा सहयोग पुऱ्याउने प्रकारका योजनाहरु
- स्थानीय स्रोत साधन, सीप क्षमताको अधिकतम परिचालन तथा सञ्चालन भई क्षमता विकास हुने किसिमका योजना तथा कार्यक्रमहरु,
- पिछडिएका समुदाय जस्तै दलित, आदिवासी जनजाति, महिला तथा बालबालिका तथा अति विपन्न वर्गको आय आर्जन तथा सीप विकासमा टेवा पुग्ने मुख्य कार्यक्रम तथा आयोजनाहरु,
- प्रतिस्पर्धात्मक तथा तुलनात्मक लाभका वस्तु तथा सेवाको उत्पादन तथा प्रवर्दन हुने कृषि, गैरकृषि र सेवाका क्षेत्रका कार्यक्रमहरु,
- गाउँपालिकाको आन्तरिक आय श्रोत वृद्धि गर्ने कार्यक्रमहरु,
- सामाजिक परिचालनका माध्यमबाट पहिचान गरिएका लक्षित समूहका मागलाई सम्बोधन गरिने विषयहरु,
- बढी भन्दा बढी जनसहभागीता जुटाउन सकिने तथा बढी श्रममुलक कार्यक्रम र आयोजनाहरु,
- ज्येष्ठ नागरिक तथा अपाङ्गमैत्री कार्यक्रमहरुलाई प्राथमिकता दिइएका कार्यक्रम तथा आयोजनाहरु,
- लगत साझेदारीमा सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरु,

## खण्ड २- चालु आ.व. २०७४।०७५ को समिक्षा

२.१ स्थानीय तहको कार्यान्वयनको पहिलो वर्ष आ.व. ०७४।०७५ सम्पन्न कार्यक्रमको समिक्षा

स्थानीय तहको कार्यान्वयनको पहिलो वर्ष आ.व. २०७४।०७५ मा यस गाउँपालिकामा सडकलाई उच्च प्राथमिकतामा राखि २१८००७०००।- बजेट विनियोजन भएको थियो । जसमध्ये ८०८४८०००। संघीय सरकारबाट शिक्षा, स्वास्थ्य, आयुर्वेद लगायतका क्षेत्रको कार्यक्रम सहित सशर्त अनुदान प्राप्त भएको थियो । त्यसैगरी ५५०,०००। आन्तरिक स्रोत प्रक्ष्येपण गरिएको थियो भने ५८३३०००।७४ पैसा अघिल्लो आ.व.को बचत रहेको थियो ।

२.२ गैह्र सरकारी संघसंस्थाहरुबाट सम्पन्न कार्यक्रमको समिक्षा

गाउँपालिकाभित्र विभिन्न गैरसरकारी संस्थाहरुले शिक्षा, स्वास्थ्य, गरिबी निवारण, पोषण, समुदाय सशक्तिकरण लगायतका क्षेत्रमा विभिन्न कार्यक्रमहरु कार्यन्वयन गरेका छन् ।

## खण्ड ३ -  आ.व. २०७५।०७६ को नीति, बजेट तथा कार्यक्रम

### ३.१ सोच

नेपालको एक समुन्नत, समृद्ध र उत्कृष्ट पर्यटकीय गन्तव्य भएको स्थानीय तहको रुपमा दुधकोशी गाउँपालिकालाई स्थापित गर्ने दीर्घकालिन सोच रहेको छ ।

### ३.२ लक्ष्य

आर्थिक वर्ष २०७४।०७५ को अन्त्यसम्ममा दुधकोशी गाउँपालिकामा भौतिक विकासका प्रगतिहरु आम नागरिकहरुले महशुष गर्न सक्ने लक्ष्य लिइएको छ ।

### ३.३ उद्देश्य

दुधकोशी गाउँपालिकाबासीले एक वर्षभित्रमा आफ्नो जीवनस्तरमा परिवर्तन भई दैनिक जीवनयापनमा सहजता भएको महशुष गर्नेछन् ।

### ३.४ अपेक्षित उपलब्धी

आ.व. २०७४।०७५ को अन्त्यसम्मा देहायका उपलब्धीहरु हासिल गर्न सकिने अपेक्षा गरिएको छ ।

- सडक सञ्जालको विस्तार, स्तरोन्नति तथा सुरक्षित, गुणस्तरीय र भरपर्दो यातायातको पहुँचमा वृद्धि भएको हुनेछ ।
- गाउँ कार्यपालिकाको कार्यालय तथा वडा समितिको कार्यालय भौतिक संरचनाहरुको निर्माण कार्य सुरु भई सेवा प्रवाहलाई सरल, प्रभावकारी र जनमुखी भएको हुनेछ ।
- उज्यालो दुधकोशी गाउँपालिका अभियान सुरु भई गाउँपालिकाका सबै अधिकांश क्षेत्रमा विधुत सेवाको सुनिश्चितता प्रदान गर्ने कार्यले तिव्रता प्राप्त गरी जलविधुत उत्पादनमा उलेख्य प्रगति हासिल हुनेछ ।
- गाउँपालिका क्षेत्रमा स्वास्थ्य तथा शिक्षा क्षेत्रमा देखिएका समस्याहरुलाई न्यूनीकरण गर्दै गुणस्तरीय स्वास्थ्य सेवा तथा शिक्षाको व्यवस्था उपलब्ध हुनेछ ।
- परम्परागत कृषि प्रणालीमा सुधार ल्याई कृषक, युवा, लक्षित वर्गलाई निर्वाहमुखीबाट व्यवसायिकता तर्फ उन्मुख भएको हुनेछ ।
- विपद् व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिएको हुनेछ ।

- सार्वजनिक प्रशासनलाई चुस्त, दुरुस्त, पारदर्शी, जवाफदेही, भ्रष्टचारमुक्त बनाई सुशासन कायम गर्न सेवाग्राहीको गुनासो सुनुवाई संयन्त्रलाई प्रभावकारी बनाईनेछ ।

## ३.५ वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख नीति तथा कार्यक्रमहरु

*ऐतिहासिक तथा सम्मानित यस प्रथम गाउँ सभाका सभाध्यक्ष ज्यू, कार्यपालिका सदस्य ज्यूहरु गाउँसभाका सदस्य ज्यूहरु, गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत ज्यू लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारी मित्रहरु, सञ्चारकर्मी एवब् अन्य महानुभावहरु यो ऐतिहासिक प्रथम गाउँसभामा दुधकोशी गाउँपालिकाको आ.व. २०७५।०७६ को वार्षिक नीति, बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।*

### ३.५.१ समग्र नीति तथा आधारहरु

१. नेपालको संविधान जारी भएपछि मुलुक संघीयता कार्यन्वयनको चरणको मध्यावधि समयमा आईपुग्दा दुधकोशी गाउँपालिकाको आर्थिक वर्ष २०७५।०७६ को नीति, कार्यक्रम तथा बजेट पहिलो पटक यस गरिमामय गाउँसभामा प्रस्तुत गर्न पाउँदा दुधकोशी गाउँपालिकाले गौरवान्वित महशुष गरेका छ । यस अवसरमा दुधकोशी गाउँपालिका नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रका लागि नेपाली जनताले पटक-पटक गर्दै आएको ऐतिहाँसिक सशस्त्र संघर्ष, जनआन्दोलन लगायत परिवर्तनका लागि भएका सबै आन्दोलनहरुको स्मरण गर्दै समावेशीता, लोकतन्त्र, गणतन्त्र, धर्मनिरपेक्षता र न्याय एवम् समानताको प्राप्तिका लागि जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण सहिदहरुप्रति उच्च सम्मान व्यक्त गर्दछ ।

२. संविधानसभाबाट नेपालको संविधान जारी भएसंगै लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, बहुलवाद, सामाजिक न्यायसहितको समानुपातिक, समावेशी प्रतिनिधीमुलक व्यवस्था, मौलिक अधिकार, नागरिक स्वतन्त्रता, धर्म निरपेक्षता जस्ता महत्वपूर्ण उपलब्धीहरु संस्थागत भएका छन् । संविधानले अंगिकार गरेको विविधता बीचको एकता, सामाजिक साँस्कृतिक ऐक्यबद्धताले नेपालीको स्वाभिमानलाई उँचो बनाईरहँदा यस दुधकोशी गाउँपालिकामा सबै प्रकारका भेदभावको अन्त्य गरी आर्थिक समृद्धि, समानता, सामाजिक न्याय सुनिश्चित गर्ने आधारशीला खडा भएको छ ।

३. २०७४ को ऐतिहासिक स्थानीय तहको निर्वाचन पछि करिब दुई दशक अघिदेखिको स्थानीय तहमा जनप्रतिनिधी बिहिनताको अवस्थाको अन्त्य भएको छ । भर्खरै गठन भएको दुधकोशी गाउँपालिकाको स्थानीय सरकारले गाउँपालिकाका सबै सर्वसाधारण जनताले प्रत्यक्ष अनुभुत गर्ने खालका योजना तर्जुमा गर्ने, स्थानीय तर्जुमा साथै कार्यन्वयनमा प्रत्यक्ष जनसहभागीता जुटाउने, मागमा आधारित र यस क्षेत्रको माटो सुहाउदो कार्यक्रम तथा विकासका गतिविधीहरु सञ्चालन गरी यस गाउँपालिकाका जनताहरुको आधारभुत जीवन स्तरमा सुधार ल्याउने प्रमुख नीति लिएको छ ।

४. दुधकोशी गाउँपालिकाभित्र मुख्य र ग्रामीण सडक सञ्जालको वर्गीकरण गरी प्राथमिकताका आधारमा न्यूनतम लेनको सडक सञ्जालको सर्भे, विकास र स्तरोन्नति गर्न प्रयास गरिनेछ ।

५. कृषि क्षेत्रलाई स्थानीय उत्पादनको प्रमुख क्षेत्रको रुपमा विकास गरिनेछ । प्रमुख बालीहरुको उत्पादनमा आत्मनिर्भर हुने नीति लिइनेछ । सिंचाई, मलखाद, उन्नत बीउ बिजनको उपलब्धतामा जोड दिईनेछ ।

पशुजन्य उत्पादनका कार्यक्रमलाई प्रोत्साहन दिईनेछ । आर्थिक तथा सामाजिक रुपले पछि परेका कृषक केन्द्रित कार्यक्रमहरुलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । युवापुस्तालाई व्यवसायिक कृषितर्फ उत्प्रेरित गर्न विशेष अनुदान र प्रोत्साहन कार्यक्रम अघि बढाईनेछ ।

६. स्वच्छ खानेपानीमा नागरिकको पहुँच अभिवृद्धि गरिनेछ । प्राथमिकता प्राप्त खानेपानी आयोजना तथा कार्यक्रम कार्यन्वयनमा जोड दिइनेछ । खानेपानीको स्रोतको पहिचान, वितरण तथा उपभोगमा स्थानीयवासी तथा खानेपानी उपभोक्ताहरुलाई जिम्मेवार बनाउँदै लगिनेछ ।

७. वातावरण तथा जलवायुमैत्री पूर्वाधारको विकासमा जोड दिईनेछ । वन क्षेत्रको वैज्ञानिक एवं दिगो व्यवस्थापन गरी आर्थिक रुपले महत्वपूर्ण वनस्पति तथा जडिबुटीको प्रशोधनमा निजी तथा सामुदायिक संस्थालाई सहभागी गराईनेछ ।

८. शिक्षा र स्वास्थ्य क्षेत्रमा हालसम्म भएको लगानीले स्वस्थ, शिक्षित र सभ्य नागरिक उत्पादन भएको उपलब्धीलाई संस्थागत गरी गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाको व्यवस्था मिलाईनेछ । शिक्षा तथा स्वास्थ्य क्षेत्रमा सञ्चालित कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयन र अनुगमन गरिनेछ ।

९. लैंगिक समानता, महिला सशक्तिकरण, लैंगिक मुलप्रवाहिकरण र महिला सहभागिता वृद्धि गर्ने नीतिलाई प्रोत्साहन गरिनेछ ।

१०. दुधकोशी गाउँपालिकाको समृद्धिका लागि विज्ञान र प्रविधिको क्षेत्रबाट प्राप्त हुन सक्ने लाभ, अवसर र सम्भावनालाई खोजी गरी यस क्षेत्रको संख्यात्मक र गुणात्मक विकासमा जोड दिईनेछ ।

११. दुधकोशी गाउँपालिकाको हित प्रवर्द्धन, जनताको मौलिक हक र अधिकारको निर्वाध उपयोगको वातावरण सिर्जना गर्नका लागि सोहि अनुरुप सुरक्षा नीति तर्जुमा गरी कार्यन्वयन गर्दै लगिनेछ । विकास निर्माण, प्राचिन र ऐतिहासिक सम्पदाको संरक्षण र विपद् व्यवस्थापनमा सम्बन्धित सुरक्षा निकायसंग समन्वय गरी जनशक्ति परिचालन गरिनेछ ।

१२. पर्यटन क्षेत्रलाई अर्थतन्त्रको आधारको रुपमा विकास गरिनेछ । सुन्दर झरना, उर्घेन छ्योलिङ गुम्बा घुम्नेमेरा, किरात खालिङ राईहरुको साँस्कृतिक पर्व/नाच वास लगायत अन्य जातिको साँस्कृतिक पर्व/जात्रा आदिको प्रवर्द्धन मार्फत् साँस्कृतिक पर्यटन र दुधकोशी नदीमा जलपर्यटनको सम्भावनाको खोजी एवम् विकास गरिनेछ । त्यसै गरी भ्यू टावर, उद्यानहरुको विकास गरी आन्तरिक एवम् वाह्य पर्यटनलाई आकर्षित गर्न पुर्वाधार निर्माणमा जोड दिईनेछ ।

१३. वैज्ञानिक बस्ती विकासमा जोड दिदै बजारोन्मुख बस्तीहरुको प्राकृतिक स्रोत, ऐतिहासिक, सामाजिक, साँस्कृतिक पहिचान र आर्थिक सामर्थ्यको आधारमा गतिशिल र आधुतिक सहर निर्माणको राष्ट्रिय रणनीतिलाई अवलम्बन गरिनेछ ।

१४. उज्यालो नेपाल अभियानलाई सार्थक बनाउन दुधकोशी गाउँपालिका स्तरबाट पनि जलविधुत आयोजना, वैकल्पिक उर्जा विकास र प्रवर्द्धनमा विशेष प्राथमिकता दिईनेछ ।

१५. दुधकोशी गाउँपालिकाको समृद्धिका लागि सार्वजनिक, निजी, गैरसरकारी संस्था र सहकारी क्षेत्रको भुमिकालाई प्रभावकारी बनाईनेछ ।

१६. औद्योगिक क्षेत्रमा आन्तरिक एवम् बाह्य लगानी बढाउन आवश्यक नीतिगत, कानूनी, प्रशासनिक तथा आर्थिक सुधारका प्रयासहरु अवलम्बन गरिनेछ ।

१७. सिंचित क्षेत्रको पहिचान गरी कृषि योग्य भुमिमा सिंचाई सेवा उपलब्ध गराउन सिंचार्यका सम्भाव्य सबै प्रविधि र प्रणालीको विकास एवं व्यवस्थापन गर्न आवश्यक पहल गरिनेछ ।

१८. दुधकोशी गाउँपालिकाको वित्तीय व्यवस्थापन क्षमता र जवाफदेहिता अभिवृद्धि गर्ने प्रयात्न गरिनेछ । राजनीतिक नेतृत्व र राष्ट्रसेवक कर्मचारीहरुको क्षमता अभिवृद्धिमा विशेष जोड दिईनेछ । गाउँपालिका मातहतका संरचनाहरुमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गरिनेछ ।

१९. उत्पादनमुलक रोजगारीको अवसर सिर्जना गरी युवालाई रोजगार उपलब्ध गराउन कार्यक्रमहरुको तर्जुमा तथा कार्यन्वयन गरिनेछ । खेलकुद क्षेत्रको विकासका लागि नीति तर्जुमा गरी प्रभावकारी कार्यन्वयनको व्यवस्था गरिनेछ ।

२०. सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, सेवाग्राहीमैत्री, अनुशासित, पारदर्शी, भ्रष्टचारमुक्त, उत्तरदायी र सहभागीतामूलक बनाउदै लगिनेछ ।

२१. भ्रष्टाचारजन्य क्रियाकलापप्रति शुन्य सहनशीलताको अवधारणा मार्फत सुशासनमा टेवा पुऱ्याईनेछ । सार्वजनिक निर्माणमा देखिएका अनिमियतता, ढिलासुस्तिको अन्त्य र गुणस्तर कायम गर्न विशेष अनुगमनको व्यवस्था मिलाईनेछ ।

२२. मानव अधिकारको सम्मान एवम् सम्वर्द्धन गर्दै मानव अधिकारको प्रत्याभुति गरिनेछ ।

### ३.५.२ क्षेत्रगत नीति तथा आधारहरु

(क) आर्थिक क्षेत्र

**बजेट तथा स्रोत परिचालन तथा स्रोतहरुको पहिचान सम्बन्धी**

१. गाउँपालिका क्षेत्रमा करको दायरालाई फाराकिलो पार्न यस क्षेत्रमा पाईने वन पैदावार, जुडिबुटी, ढुङ्गा, गिटी, बालुवाको प्रयोगलाई करको दायरामा ल्याईनेछ ।

२. सुन्दर झरना, घुम्नेमेरा क्षेत्र आदिलाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न आवश्यक कार्यक्रम तय गरिनेछ ।

**<u>कृषि विकास सम्बन्धी</u>**

१. साविक जिल्ला विकास समिति सोलुखुम्बु र सरोकारवालाहरुको पहलमा तयार भएको १० वर्षे कृषि विकास रणनीतिमा आधारित भएर दुधकोशी गाउँपालिका स्तरमा समेत कार्यक्रम संचालन एवम् अनुगमन प्रणालीको व्यवस्थापनमा जोड दिईनेछ ।

२. खाद्य असुरक्षालाई न्यूनिकरण गर्न खाद्य सुरक्षा प्रतिकार्य योजना (Food Security Response Plan) तयार गरी सोको प्रभावकारी कार्यन्वयन गरिनेछ ।

३. जडिबुटीको व्यवसायिक खेतीको सम्भाव्यता अध्ययन गरी सोही अनुरुपका कार्यक्रम तथा योजनाहरुलाई विशेष प्रोत्साहन दिइनेछ ।

४. दशवर्षे कृषि विकास रणनीतिले तय गरे अनुसार र नेपाल सरकारले युवा लक्षित स्वरोजगार कार्यक्रम अन्तर्गत रोजगारी सिर्जना तरकारी, आलु, मौरीपालन, बाख्रा र बंगुर पालनलाई व्यवसायीकरण गर्न जोड दिईनेछ ।

५.सुख्खा क्षेत्रमा थोपा सिंचाई तथा फोहरा सिंचाई, सिमेन्ट पोखरी र प्लाष्टिक पोखरी निर्माण गरी वर्षातको पानी संकलनमा जोड दिईनेछ ।

६. लोपोन्मुख तथा मौलिक बाली संरक्षण, सम्बर्द्धन तथ प्रवर्द्धन कार्यमा जोड दिने, यसको लागि ग्रामीण स्रतमा बिउ बैंक (Seed Bank) स्थापना गर्न पहल गरिनेछ ।

७. तरकारी, आलु र अन्य फलफूल भण्डारणका लागि सोलार र रष्टिक स्टोरको निर्माणका लागि यस गाउँपालिकामा कार्यरत गैरसरकारी संघसंस्थासंग समन्वय गरिनेछ ।

८. उच्च मूल्य कृषि वस्तु बजारीकरणको लागि सहकारीमा आधारित विक्री विरतण प्रणाली (Co-operative Marketing System) लाई प्रोत्साहन गरिनेछ ।

९. जलवायु परिवर्तनबाट कृषि क्षेत्रमा प्रभाव सम्वन्धी अध्ययन तथा अनुसन्धानमा जोड दिइनेछ ।

१०. जैविक मल तथा विषादी उत्पादन गर्ने उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

११. व्यवसायिक रुपमा कृषि र तरकारी उत्पादनमा लागेका कृषकहरुलाई विशेष अनुदान र सहयोगको व्यवस्था गर्न आवश्यक पहल गरिनेछ ।

**<u>पशुपन्छी विकास सम्बन्धी</u>**

१. मौसमी कृतिम गर्भाधानलाई ग्रामीण दुर्गम क्षेत्रमा सामुदायिक पुश प्रजनन केन्द्रको सुरुवात गर्ने र ती ठाँउमा न्यून उत्पादकत्व भएका भाले पशुहरुलाई बन्ध्याकरण गर्न प्रोत्साहन गरिनेछ । यसका साथै नश्ल सुधार कार्यक्रमलाई कार्यन्वयन गरिनेछ ।

२. चरन तथा खर्क क्षेत्रको संरक्षणको लागि सरोकारवालाहरुसंग समन्वयात्मक कार्य गरिनेछ ।

३. आधुनिक व्यवसायिक बाख्रा, बंगुर, गाई, चौरी, फर्मको विकास गरिनेछ ।

४. हिउँदमा पशुहरुको आहारा आपुर्तिको लागि स्थानीय पोषिला घाँसहरुको पहिचान, संरक्षण स्थानीय स्रोत साधनबाट पौष्टिक आहारको प्रवर्द्धन गरिनेछ ।

५. गाउँपालिकाभित्र पशु स्वास्थ्य सेवा सुनिश्चित गर्न ग्रामिण पशु स्वास्थ्य प्राविधिक/कार्यकर्ताहरु परिचालन गरिनेछ ।

**<u>नागरिकको आय आर्जन सम्बन्धी</u>**

१. स्वरोजगार कार्यक्रमलाई प्रोत्साहन गरी स्थानीय उद्यमशिलतालाई जोड दिने कार्यक्रमहरुलाई मुख्य प्राथमिकतामा राखिनेछ । त्यसका अतिरिक्त किसानहरुको उत्पादनलाई बजारीकरण गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

**(ख) सामाजिक क्षेत्र**

**<u>शिक्षा तथा खेलकुद सम्बन्धी नीति</u>**

१. योग्य र वरिष्ठ शिक्षकलाई नेतृत्व सुम्पिएर विद्यालय प्रशासन तथा व्यवस्थापनलाई चुस्त दुरुस्त बनाउन प्र.अ. मिलान कार्य यथासक्य सुदृढिकरण गरिनेछ ।

२. शिक्षाको अवधारणालाई कार्यमूलक बनाउदै बालमैत्री शैक्षिक वातावरण कायम गर्न सम्बन्धित स्थानीय तह शैक्षिक सरोकारवालासंग संयुक्त योजना सहित सहकार्य र समन्वयको नीति लिईनेछ ।

३.स्वीकृति नलिई संचालन गरिएका सामुदायिक, संस्थागत र निजी विद्यालयलाई निरुत्साहित र नियन्त्रण गर्दै कानूनी दायरामा ल्याईनेछ र संचालनमा ल्याइएका विद्यालयलाई जनसंख्या तथा नक्साकनका आधारमा स्तरवृद्धि गरिनेछ । विद्यार्थी शिक्षक अनुपात, भौगोलिक विकटता र स्थानीय सन्दर्भलाई विश्लेषण गरी विद्यालहरुलाई गाभ्ने व्यवस्था मिलाईनेछ ।

४. शिक्षा नियमावली बमोजिम विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, गाउँ/वडा शिक्षा समितिको गठन गरी शैक्षिक विकासका कार्यक्रमहरुको कार्य योजना निर्माण गरी कार्यन्वयन गरिनेछ ।

५. विद्यायललाई प्रदान गरिने विभिन्न अनुदान रकमहरुलाई लक्षित वर्गसम्म पुऱ्याउन आर्थिक पारदर्शीताको नीति अवलम्बन गरिनेछ र विद्यालयको सामजिक परिक्षणलाई अनिवार्य र प्रभावकारी बनाई कार्यन्वयन गरिनेछ ।

६. सरकारी तथा गैरसरकारी संघसंस्थाहरुको सहकार्य र समन्वयमा विद्यालय बाहिर रहेका विद्यालय जाने उमेरका बालबालिकाहरुको पहिचान गरी उनीहरुलाई औपचारिक शिक्षाको मूलप्रवाहमा समेट्न विभिन्न सिर्जनात्मक र रचनात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।

७. बस्ती बस्तीमा निरक्षर जनसंख्याको पहिचान गरी अनौपचारिक शिक्षा संचालन गर्न पहल गरिनेछ ।

८. अनुमति प्रदान गरिएका विद्यालयहरुमा आवश्यक दरबन्दी प्रदान गर्न पहल गरिनेछ । शिक्षकहरुलाई प्रचलित शिक्षा ऐन, नियमावली तथा कार्यविधीहरुको सारभुत मर्म प्रतिकुल नहुने गरी दुधकोशी गाउँपालिका क्षेत्र भित्रका विद्यालयहरुमा आवश्यकता निर्धारण गरी विभिन्न विद्यालयहरुमा कामकाजमा खटाउन सक्नेछ ।

९. गाउँपालिका अन्तर्गतका विद्यालयहरुलाई खेलकुद् तथा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न गराउन प्रथामिकता तथा प्रोत्साहन गरिनेछ । त्यसैगरी प्रत्येक वडामा खेलकुद मैदान र गाउँपालिकामा एक रंगशालाका निर्माण गर्न पहल गरिनेछ ।

१०. गाउँपालिका भित्र रहेका विद्यालय र बालविकास केन्द्रलाई स्तरवृद्धि गरी शिक्षकहरुलाई क्षमता विकासको लागि सरोकारवालासंग आवश्यक पहल गरिनेछ ।

**<u>विज्ञान तथा प्रविधि सम्बन्धी नीति</u>**

१. गाउँपालिकाको वेवसाईट तयार गरी यथाशिघ्र संचालनमा ल्याईनेछ ।

२. गाउँपालिकाको पहलमा गाउँपालिका एवम् वडाको वस्तुगत विवरण (Profile) प्रकाशनको तयारी अवस्था छ । यसलाई डिजिटल प्रविधि मार्फत व्यवस्थित र सबै नागरिक समक्ष पुर्‍याईनेछ ।

३. विकास निर्माणका योजना र क्रियाकलापमा पारदर्शीता कायम गर्न सो सम्बन्धी गतिविधीहरु स्थानीय सञ्चार माध्यमबाट आम नागरिकहरुलाई जानकरी गराईनेछ ।

४.टेलिभिजन, टेलिफोन तथा ईन्टरनेट सेवाको पहुँच र गुणस्तर अभिवृद्धिका लागि पूर्वाधार विकास गर्न आवश्यक पहल गरिनेछ ।

५. गाउँपालिकाको सबै शिक्षण संस्थामा क्रमश ई-पुस्तकालय र स्वास्थ्यसंस्थामा विज्ञान प्रयोगशालाको व्यवस्था गर्दै लगिनेछ ।

६. सरकारी कार्यालय, विद्यालय/शिक्षणसंस्था, स्वास्थ्यसंस्थाहरुको अभिलेख व्यवस्थापनमा नवीनतम् सूचना प्रविधिको अधिकतम उपयोगमा जोड दिईनेछ ।

स्वास्थ्य तथा जनसंख्या सम्बन्धी नीति

१. आम नागरिकमा गुणस्तरीय स्वास्थ्य सेवाहरुको प्रत्याभुत गर्न यस गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरुमा आवश्यक पर्ने जनशक्ति व्यवस्थापन र परिचालनका लागि मानव संशाधन योजना तयार गरी कार्यन्वयनमा ल्याईनेछ । त्यसैगरी भौतिक पूर्वाधार र उपकरणमा समेत सुधार गर्दै लगिनेछ ।

२. गाउँपालिकालाई पूर्ण सरसफाई घोषणा गर्न सबै वडा र बस्तीहरुमा स्वाच्छ खानेपानी तथा शौचालयको व्यवस्था, अनुगमन प्रणालीलाई सुदृढ पार्दै लगिनेछ ।

३.सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा पाउने नागरिकको हकलाई सुनिश्चित गर्न स्वास्थ्य चौकीहरुको स्तरउन्नति गर्ने, आवश्यकता अनुसार प्राथमिक स्वास्थ्य केन्द्र र गाउँघर क्लिनिकहरु स्थापना र व्यवस्थित गरिदै लगिनेछ । त्यसैगरी स्वास्थ्यकर्मीहरुको क्षमता र सीप विकासमा विशेष ध्यान दिईनेछ ।

४. गाउँपालिका अन्तर्गत रहेका सबै स्वास्थ्य संस्थामा कार्यरत जनशक्तिको पूर्व अनुमान गरी दरबन्दीमा रहेका कर्मचारीलाई अन्यत्र काजमा राख्ने नीतिलाई निरुत्साहित गर्दै लगिनेछ ।

५. स्वास्थ्य क्षेत्रमा लगानी गर्न चाहने निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।

**लैंगिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति**

१. महिला, युवा, आपाङ्ग तथा बालबालिकाको अधिकार सुनिश्चितताका लागि सरकारी, गैरसरकारी र निजी क्षेत्रका सबै सरोकारवालासंग समन्वय र सहकार्य गरिनेछ ।

२. लक्षित वर्गहरुको क्षमता विकासको लागि आवश्यक कार्यक्रम र योजना बनाई लागू गरिनेछ ।

३. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरको नयाँ नाम दर्ता, लगत कट्टा, परिचय पत्र वितरण र समयमै सामाजिक सुरक्षा भत्ता वितरण व्यवस्था मिलाईनेछ ।

४. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम दर्ता, लगत कट्टा, परिचय पत्र वितरण अनलाईन मार्फत गरी सबै वडा कार्यालयले प्रत्येक चौमासिकमा आ-आफ्नो वडा कार्यालयमा सार्वजनिक गरी गाउँपालिकामा सोको विवरण पेश गर्न लगाईनेछ । त्यसैगरी लाभग्राहीहरुको सूची वडा कार्यालयको सूचना पार्टीमा प्रकाशन गर्ने व्यवस्था मिलाईनेछ ।

५. आपत्कालिन महिला तथा बालबालिका उद्धार कोषको स्थापना गरिनेछ ।

६. महिला र बालबालिकामाथि हुने विभिन्न प्रकारको घरेलु हिंसा र दुर्व्यवहारको अन्त्यका लागि सरोकारवाला निकायहरुसंग समन्वय गरिनेछ । बालश्रम शोषण, बाल बिबाह, बहुबिबाहलाई पूर्ण रुपमा निरुत्साहित गर्दै साविकमा संचालित बालमैत्री सुशासनको अवधारणालाई कार्यन्वयन गर्ने कार्यलाई थप सुदृढ गर्दै लगिनेछ ।

७. महिला तथा बालबालिकाको लागि आर्थिक सामाजिक सशक्तिकरण र क्षमता विकासका लागि विशेष पहल गरिदै लगिनेछ ।

८. सार्वजनिक निर्माण र भौतिक संरचनाहरुलाई अपाङ्ग र लक्षितवर्गमैत्री बनाईनेछ ।

**<u>सरकारी तथा गैरसरकारी संघ संस्था सम्बन्धी नीति</u>**

१. गाउँपालिका क्षेत्रमा आफ्नो कार्यक्षेत्र बनाएका गैरसरकारी संघसंस्थाहरुलाई कार्यक्रम सञ्चालन गर्न सबै संस्थाहरुको कार्यक्रम, बजेट, समयतालिका, कार्यक्रमको औचित्य, प्रभाव, अवसर, लाभान्वित क्षेत्रको समेतको विश्लेषण र मुल्याङ्कन गरेर मात्र राय सहित स्वीकृति दिईनेछ साथै गाउँ कार्यपालिकाको कार्यालये प्रस्तावित कार्यक्रमको क्षेत्र परिवर्तन गर्न सक्नेछ र गाउँ कार्यपालिकाको कार्यालयमा एक गैरसरकारी संघसंस्था समन्वय र अनुगमन ईकाई गठन गरी अनुगमन कार्यलाई प्रभावकारी बनाईनेछ ।

२. गाउँपालिका क्षेत्रभित्र रहेको सबै सरकारी निकाय र कार्यालयहरुको अनुगमन, नियमन र समन्वय कार्यलाई प्रभावकारी बनाईनेछ ।

**(ग) पूर्वाधार क्षेत्र**

**<u>खानेपानी तथा सरसफाई, सडक तथा भौतिक योजना र पूर्वाधार विकास तथा बस्ती विकास, सहरी योजना र भवन निर्माण सम्बन्धी नीति</u>**

१. सदरमुकाम सल्लेरी देखि गाउँपालिकाको केन्द्रसम्म नियमित यातायात सञ्चालनको व्यवस्था सडकको मर्मत र स्तरउन्नति गरिनेछ भने प्रत्येक वडा कार्यालयसम्म ट्रयाक खोल्ने कामलाई उच्च प्राथमिकताक साथ अघि बढाईनेछ ।

२. सडकलाई नियमित सञ्चालनमा ल्याउन पक्की पूल, पानीका ढल निकासको व्यवस्थापन मिलाईनेछ ।

३. सडकलाई स्तरीय, सुरक्षित र भरपर्दो बनाउन स्तरोन्नति अनिवार्य रुपमा छिटा गरिनेछ ।

४. स्वच्छ खानेपानीको व्यवस्था गर्न दिर्घकालिन स्रोतहरुको पहिचान गरी कार्यक्रम कार्यन्वयनम ल्याईनेछ ।

५. बस्ती एकीकरणलाई प्रोत्साहन गरिदै लगिनेछ ।

६. गाउँपालिका भित्र अतिक्रमित जग्गाहरु पूर्ण रुपमा गाउँपालिकाको मातहतमा ल्याई उपयोग नभएका सार्वजनिक जग्गाहरुको सम्भाव्यता अध्ययन गरी सोही अनुरुप योजना छनौट गरी आय आर्जनमा टेवा पऱ्याउने नीति अवलम्बन गरिनेछ ।

७. खानी उत्खनन र प्रशोधन गर्न नियमानुसार दर्ता प्रकृयालाई सरलीकरण गर्ने र यस कार्यमा निजी क्षेत्रसंग सहकार्य गरिनेछ ।

८. नयाँ संरचना निर्माण गर्दा अधिक काठको प्रयोगलाई कम गरी लागत अनुमान तयार गर्ने नीति अख्तियार गरिनेछ ।

९. भुकम्पको जोखिमलाई मध्यनजर गरी नेपाल सरकार संघीय मामिल तथा स्थानीय विकास मन्त्रालयले जारी गरेको बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी मार्गदर्शन, २०७२ लाई सार्वजनिक तथा निजी भवनहरुमा अनिवार्य रुपमा लागू गरिनेछ ।

१०. कृषियोग्य जमिनमा बस्ती विकास र स्थानान्तरण गर्ने, प्लटिङ गर्ने कार्यलाई निरुत्साहित गरी कृषियोग्य जमिनको संरक्षण गरिनेछ ।

११. वातावरणमैत्री जस्ता पातामा जोड दिदै चलनचल्तीको सेतो रङ्गका जस्तापाताको प्रयोगलाई कम गर्दै लगिनेछ ।

१२. गाउँपालिकामा रहेका बजारोन्मुख क्षेत्रमा सहरीकरण योजना सञ्चालन गर्न आवश्यक पहल गरिनेछ ।

१३. गाउँपालिका क्षेत्रमा रहेका ग्रामीण सडक, पुलपुलेसामा पर्ने व्यक्तिगत जग्गाहरुको लगत संकलन गरी कित्ताकाट गराउने नीति तर्जुमा र कार्यन्वयन गरिनेछ ।

**विधुत तथा उर्जा सम्बन्धी नीति**

१. नदीको स्रोत र सही ठाँउ पहिचान गरी बृहत विधुत परियोजना सञ्चालनको लागि पहल गरिनेछ ।

२. ठूला जलविधुत आयोजना कार्यन्वयनमा आउनु अगाडी भएका साना लघुजलविधुत आयोजनालाई सुदृढ र नयाँ निर्माण गरी सबै नागरिकलाई बिजुली बत्तिको पहुँचमा ल्याईनेछ ।

३. वैकल्पिक उर्जाको उपयोग र संरक्षणका लागि विशेष पहल गरिनेछ ।

अल्पकालिन तथा दीर्घकालिन नीति, योजना र कार्यक्रम सम्बन्धी

१. पूर्वाधार सम्बन्धी योजनाहरुको अनिवार्य रुपमा सम्भाव्यता अध्ययन गरेर मात्र छनौट गर्ने नीति लिईनेछ ।

२. कुनै पनि आयोजना छनौट गर्दा भविष्यलाई समेत मध्यनजर गरी आयोजना छनौट गरिनेछ ।

३. भौतिक संरचना निर्माण कार्यलाई बालमैत्री तथा अपाङ्गमैत्री बनाईनेछ ।

४. गाउँपालिकाभित्र सञ्चालन हुने आयोजनाहरु संयुक्त अनुगमन पछि मात्र पारित गर्ने व्यवस्था गरिनेछ ।

५. पूर्वाधार विकासको अन्तिम भुक्तनी र जाँच पास हुनु भन्दा अगाडी सामजिक परिक्षण तथा लेखा परिक्षण गरिने व्यवस्थालाई कडाईका साथ लागू गरिनेछ ।

**<u>कृषि, सिंचाई, सहकारी र गरिबी निवारण सम्बन्धी नीति</u>**

१. कृषि उत्पादकत्वमा वृद्धि गरी आय आर्जन बढाउन नगदेबाली र व्यवसायिक तरकारी खेतीलाई प्रात्साहन गरिनेछ ।

२. एक घर एक बगैचा तथा सामुहिक बगैंचा कार्यक्रमलाई अनिवार्य रुपमा कार्यन्वयन गरिनेछ ।

३. आवश्यकता अनुसार साना तथा ठुला सिंचाई आयोजनाको अध्ययन र कार्यन्वयन गरिनेछ ।

४. वेमौसमी खेती तथा थोपा सिंचाई आयोजना लागू गर्न आवश्यक पहल गरिनेछ ।

५. वैदेशिक रोजगारीबाट आर्जन भएका रकमलाई सामुहिक व्यवसायिक क्षेत्रमा लगानी गर्न आवश्यक नीतिगत र कानूनी व्यवस्था मिलाईनेछ ।

**(घ) वातावरण तथा विपद व्यवस्थापन**

**<u>वन, वातावरण संरक्षण तथा हरियाली प्रवर्द्धन सम्बन्धी नीति</u>**

१. दीगो वन व्यवस्थापन गरी वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादनको वृद्धिमा जोड दिईनेछ ।

२. समुदायमा आधारित वन व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिईनेछ । सामुदायिक वन उपभोक्ता समितिहरुलाई अनुगमन र निरिक्षण गरी अझ प्रभावकारी रुपमा परिचालन गर्दै लगिनेछ ।

३. जैविक विविधता र जैविक स्रोतको संरक्षण गरी प्राकृतिक स्रोतको न्यायोचित वितरणको व्यवस्था मिलाईनेछ । जल तथा भुमिको संरक्षण गरी कृषि उत्पादकत्व बढाउन जलाधार क्षेत्रको एकीकृत संरक्षण तथा व्यवस्थापन गरिनेछ ।

४. वनजन्य उद्योगको प्रवर्द्धन, उत्पादनको विविधीकरण र बजारीकरण मार्फत अर्थतन्त्रमा टेवा पुऱ्याउन वन क्षेत्रको दिगो विकास र व्यवस्थापनमा निजी क्षेत्रलाई पनि आकर्षित गरिनेछ ।

५. जलवायु परिवर्तनबाट पारिस्थितिक प्रणाली, स्थानीय जनता र जीविकोपार्जनमा पर्न सक्ने नकरात्मक प्रभावलाई कम गर्न न्यूनीकरण र अनुकुलन कार्यक्रम सञ्चालन गरिनेछ ।

६.जडिबुटी खेती संरक्षण तथा प्रशोधन गर्न व्यवसायिक नीति लिईनेछ । वृक्षरोपण तथा हरियाली र हरित क्षेत्रको प्रवर्द्धन गरिनेछ ।

७. पानीका मुहान संरक्षण अभियान चलाईनेछ । त्यसैगरी गाउँपालिकाभित्र हानिकारक विषादीहरुको प्रयोगलाई निरुत्साहित गरिनेछ ।

**विपद् पूर्व तयारी, विपद् पछिको व्यवस्थापन र विपद्को समयमा गर्नुपर्ने कामहरु सम्बन्धी नीति**

१. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना जोखिम न्यूनिकरण सम्बन्धी कार्ययोजना बनाई कार्यन्वयनमा ल्याईनेछ ।

२. विपद् व्यवस्थापन कार्यमा संघ, प्रदेश र स्थानीय समुदाय, संघसंस्था, निजीक्षेत्रसंगको समन्वय र सहकार्यलाई प्रभावकारी रुपमा अघि बढाईनेछ ।

३. एक विपद् कोषको स्थापना तथा संचालन गरिनेछ ।

४. विपद् न्यूनिकरण सम्बन्धी पूर्व सूचना प्रणालीको विकास गर्न पहल गरिनेछ ।

५. विपद् पूर्व तयारी खोज तथा उद्धार राहत सामग्रीको पूर्व भण्डारण वितरण र समन्वय गरिनेछ ।

६. विपद् जोखिम क्षेत्रको पहिचान, नक्सांकन तथा बस्तीहरुको स्थानान्तरण गरिनेछ ।

**(ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

**संगठन संरचना, दरबन्दी र कार्यविवरण तथा सुशासन र सेवा प्रवाह सम्बन्धी नीति**

१. सरकारी तथा गैरसरकारी संस्थाहरुको नीति, कार्यक्रम लगायतका विषयमा सुधार ल्याउन सूचना तथा अभिलेख केन्द्रको स्थापना गरिनेछ ।

२. गाउँपालिकामा रहेको जनशक्तिको पहिचान गरी गैरसरकारी संस्थाहरुले कुनै पनि कार्यक्रमको लागि जनशक्ति छनौट गर्दा समावेशीताको सिद्धान्त, सहायता मिलान (Aid harmonization) को सिद्धान्त अवलम्बन गर्ने नीति दिईनेछ ।

३. गाउँपालिका स्थित सार्वजनिक निकायहरुबाट सम्पादन हुने सेवा प्रवाह तथा काम कारबाहीको वस्तुगत मुल्याङ्कन गरी उचित पुरस्कार र दण्ड (Reward and Punishment) को व्यवस्था गरिनेछ ।

४. गाउँपालिका स्तरमा एकीकृत सेवा केन्द्रको अवधारणालाई कार्यन्वयनमा ल्याउन आवश्यक पहल गरिनेछ ।

५. आगामी आ.व. देखि गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, विषयगत शाखा/इकाई, गैरसरकारी संस्था, स्थानीय संघसंस्था समेतमा सुशासन विकास ईकाई (Governance development unit) को स्थापना गर्दै लगिनेछ ।

६. गाउँ कार्यपालिका र वडा कार्यालयहरको दरबन्दी संरचना संघीय सरकार र प्रादेशिक सरकारसंग संगठन र कार्य (Organization and Management) सम्बन्धी आवश्यक समन्वय, परामर्श र साझेदारी गरी सोही अनुरुप पदपुर्ति, समायोजन, दरबन्दी सिर्जना, सरुवा, बढुवा तथा वृत्ति विकास प्रणाली (Career development system) लाई व्यवस्थित गरिनेछ ।

७. संघीय तथा प्रादेशिक सरकारको अनुदानमा प्राप्त योजना, परियोजना तथा जिल्ला समन्व्य समितिबाट समायोजन भई आउने विभिन्न दरबन्दीका कर्मचारीहरुको यथोचित परिचालन गर्ने नीति अवलम्बन गर्नुका साथै उक्त पदहरुको कार्यबोझ, कार्यपद्दति र कर्मचारीको आवश्यकता लगायतका विषयहरुको अध्ययन गरी दरबन्दी हेरफेर तथा कटौती गर्दे जाने र स्वर्णिम विदाइ गर्ने सहितको मानव संशाधन व्यवस्थापन नीतिलाई दीर्घकालमा अवलम्बन गरिनेछ ।

**क्षमता विकास सम्बन्धी नीति**

१. गाउँपालिकाको क्षमता वृद्धि लगायतको कार्य प्रभावकारी गर्न, सेवा प्रवाह, कर्मचारी व्यवस्थापन लगायतका विषयलाई प्रभावकारी बनाउन आन्तरिक श्रोत वृद्धि गर्न कर प्रणाली लाई फराकिलो बनाईनेछ ।

२. गाउँपालिका मातहतका कर्मचारी प्रशासन सम्बन्धी विनियम, कर्मचारी कल्याण कोष, मर्मत सम्भार कोष लगायतका विनियम, निर्देशिका तथा कार्यविधीहरु बनाई लागू गरिनेछ ।

३. विधुतीय शासन प्रणाली (e-gevernnace system) मार्फत गाउँपालिका क्षेत्रका सबै सरकारी तथा गैरसरकारी कार्यालयहरुको काम कारबाहीहरुमा प्रभावकारीता ल्याउन कर्मचारी र जननिर्वाचित प्रतिनिधीहरुको क्षमता विकास जस्ता कार्यक्रमहरु संचालन कार्यलाई अगाडी बढाईनेछ ।

४. सामाजिक आर्थिक उद्यमशिलताको विकास गर्दै युवा लक्षित सुविधा र रोजगार लगायतका अवसरहरुमा बृद्धि गर्दै उर्जाशिल युवाशक्ति पलायन हुनबाट विभिन्न किसिमका क्षमता विकास तथा आय आर्जनका कार्यक्रम संचालन गर्न रोजगार सूचना केन्द्रको स्थापना गर्न आवश्यक पहल गरिनेछ ।

## ३.६ मुख्य मुख्य आयोजना र क्रियाकलापहरु

आर्थिक वर्ष २०७५।०७६ को बजेट स्रोत, योजना तथा कार्यक्रम र विनियोजित बजेट :

माप्य दुधकोशी गाउँपालिकाको आर्थिक वर्ष ०७५।०७६ को बजेट स्रोत

| | |
|---|---|
| संघीय सरकार वित्तीय समानिकरण अनुदान | ९६८१५००० |
| संघीय सरकार सशर्त अनुदान | ९३६००००० |
| संघीय सरकार राजश्व बाँडफाँड | ४६११०००० |
| प्रदेश सरकार वित्तीय समानिकरण अनुदान | ३३२४००० |
| मालपोत कार्यालयबाट जग्गा रजिष्ट्रेशन दस्तुर | २०४२५१।६७ |
| आन्तरिक स्रोत (विभिन्न सेवा शुल्क, दस्तुर, कर) | ५६०००० |
| | **२४०६१३२५१।६७** |

तालिका नं. १, मिति २०७५ असार १० गतेको गाउँसभाबाको निर्णय नं. १ संग सम्बन्धित क्रमश :

| क्र.स. | **आ.व. ०७५।०७६ मा गाउँपालिका तर्फ कार्यान्वयन हुने योजना** | रु. हजारमा |
|---|---|---|
| १ | समपुरक कोष | २५०० |
| २ | सवारी साधन खरिद | ६००० |
| ३ | सिलगुडीडाडा अँघेरी दुधकोशी सडक स्तरउन्नति | ५००० |
| ४ | प्रतिभा पहिचान र प्रोत्साहन, (उद्घोषण, नृत्य प्रतियोगिता/तालिम, क्षमता विकास वाकु भिजन समाजसंगको साझेदारीमा | ५०० |
| ५ | चिन्डो प्रतिमा निर्माण राप्छा | २५०० |
| ६ | साँडाछोलिङ गुम्बा हिल फिनिसिङ | ५०० |
| ७ | अध्यक्ष/उपाध्यक्षको सिफारिसबाट विकास निर्माण विविध अनुदान | ७००० |
| ८ | आकस्मिक कोष | ३०० |
| ९ | गाउँपालिकाको कार्यालय ईन्टरनेट जडान सूचना प्रविधि प्रवर्द्धन | २०० |
| १० | सिलगुडीडाडा अँघेरी दुधकोशी सडक सरसफाई/मर्मत | १५०० |
| ११ | गाउँपालिका स्तरीय आँखा उपचार केन्द्र स्थापना | ५०० |
| १२ | नेपाल शिक्षक महासंघ गाउँपालिका समिति अन्तरक्रिया तथा प्रशिक्षण कार्यक्रम | ७५ |
| १३ | गाउँपालिका स्तरीय खेलकुद आयोजना, विकास र प्रवर्द्धन | १२०० |
| १४ | कृषि व्यवसाय सम्बन्धी तालिम र व्यवसाय प्रवर्द्धन | २०० |
| १५ | बाल अधिकार तथा बाल बिबाह न्यूनिकरण सम्बन्धी जनचेतना कार्यक्रम | २५० |
| १६ | न्यायिक समितिको मेलमिलाप सम्बन्धी तालिम | २०० |
| १७ | सेती अहाल अम्रास झाँरसादी सडक निर्माण | २५०० |
| १८ | आधुनिक सुन्तला भण्डारण केन्द्र स्थापना समपुरक अनुदान (साविक काँकु २) | १००० |
| १९ | कोरकु तेन्दु रंगशाला निर्माण | २००० |
| २० | महिला सञ्जाल भवन वडा नं २ केत | १२०० |
| २१ | बागलडे भीर कुलो कटान थप निरन्तर | ९०० |

| | | |
|---|---|---|
| २२ | जन सुधार वाकु सिरान समुहको सामुदायिक भवन निर्माण | ८०० |
| २३ | गाउँपालिका सभा हल फिनिसिङ र शौचालय निर्माण | ९०० |
| २४ | काँकुखोला दोस्रो लघुजलविधुत उपकरण खरिद र मर्मत | २००० |
| २५ | भोकखोला तेस्रो लघुजलविधुत आयोजना उपकरण खरिद तथा मर्मत | ८०० |
| २६ | लामबगर तामाखानी सडक निर्माण | २००० |
| २७ | वाकु प्रहरी चौकी भवन निर्माण | ५००० |
| २८ | गाउँपालिकाको वृत्तचित्र | ५०० |
| २९ | प्लम्बर तालिम काँकु समावेशी विकास समाजसंगको साझेदारीमा | ७०० |
| ३० | भुङ्गरा खोला लघुजलविधुत निर्माण | १००० |
| ३१ | पर्यटन प्रवर्द्धन (होम स्टे व्यवस्थापन/तालिम) साविक बासा ६ | ३५० |
| ३२ | घ्रङ्ख्याम बस सडक निर्माण | ६०० |
| ३३ | जुभिङ सडक निर्माण | १००० |
| ३४ | दलित जनजागरण समूह थलख्वमको चर्पी निर्माण | २०० |
| ३५ | बासा प्रहरी चौकी फिनिसिङ, शौचालय र किचन निर्माण ग्याबिन वाल | १४०० |
| | | **५३२७५** |
| ३६ | ***प्रतिवडा प्रशासनिक खर्च ६ लाख*** विनियोजन गर्ने जसबाट वडा कार्यालयले एक जना कार्यालय सहायकको कर्मचारी तलब (मासिक १३०००।) को दरले बार्षिक तलबभत्ता र अन्य सबै वडाको प्रशासनिक खर्चका लागि | **४२००** |
| ३७ | ***गाउँपालिका तर्फ प्रशासनिक*** | **१७९८८.२५१।६७** |

वडा नं १ तर्फ आ.व. ०७५।०७६ को लागि गाउँसभाबाट विनियोजन भएको बजेट तथा कार्यक्रम

| **क्र.स.** | **योजनाको नाम** | **रु. हजारमा** |
|---|---|---|
| १ | ओर्लाङघाट हातेमु पुच्छर माझगाउँ खिस्प्योलाम स्यामु च्योख्खा सिक्लीडाँडा सडक निर्माण | २८०० |
| २ | हातेमु पुच्छर भुमेथान व्याप्दु  जनकल्याण आ.वि. दिपज्योति आ.वि. जुभिङ मा.वि. दिदम रेम्बु किन्याई म्यानीफ्यार बुम्बुरी हेल्कु सडक निर्माण | ३९०० |
| ३ | किन्याई रेम्बु वयाब्दु भेजेम सेम्बेरन्याई खानेपानी निर्माण | ९०० |
| ४ | सियोन मण्डली खेलमैदान तथा पोखरी निर्माण | ७०० |
| ५ | पासखोला काठे साँघु निर्माण | १०० |
| ६ | दीपज्योति आ.वि. कक्षाकोठा मर्मत | २०० |
| ७ | जुभिङ मा.वि. शौचालय निर्माण | ५०० |
| ८ | हरियाली गाउँ सामुदायिक लघुजलविधुत परियोजना मर्मत | १००० |
| ९ | महिला तथा बालबालिका क्षमता अभिवृद्धि/नेतृत्व विकास कार्यक्रम | १०० |
| | | **१०२००** |

वडा नं २ तर्फ आ.व. ०७५।०७६ को लागि गाउँसभाबाट विनियोजन भएको बजेट तथा कार्यक्रम

| **क.स.** | **योजनाको नाम** | **रु. हजारमा** |
|---|---|---|
| १ | बासाखाली मा.वि. खेल मैदान निर्माण र फर्निचर | २००० |
| २ | चन्द्रोदय आ.वि. खेल मैदान तथा तारजाली | १००० |
| ३ | लामबगर झुम्काई बोदु गोरेटो बाटो मर्मत | ५०० |
| ४ | संगम खानेपानी मर्मत | ५०० |
| ५ | दलित गुठी फर्निचर, भाडा बर्तन खरिद | १०० |
| ६ | वडा कार्यालय फर्निसिङ, फिनिसिङ र शौचालय निर्माण | १००० |
| ७ | ईन्द्रेणी सामुदायिक संस्था भवन फिनिसिङ र फर्निचर | ५०० |
| ८ | सामुदायिक वन भवन देखि ग्योहइदे चौतारा सडक निर्माण | ३०० |
| ९ | गलमेटोल खानेपानी (तलमाथि दुबै टोल) निर्माण | १००० |
| १० | अधेरी हेलीप्याड निर्माण | ३०० |
| ११ | बोदु खानेपानी (जनसुधार र नवज्योति सामुदायिक संस्था) धारा, रिजर्भ ट्याक निर्माण | १००० |
| १२ | सियोन मण्डली | १५० |
| १३ | घ्रवम्नेखोला देखि सेकसेमखोला सडक स्तरउन्नति | १६०० |
| १४ | सुक्सलेबाटो माथि देखि दीपेन्द्र आ.वि. जाने सडक निर्माण | ३०० |
| १५ | महिला तथा बालबालिका क्षमता अभिवृद्धि /नेतृत्व विकास कार्यक्रम | १०० |
| | | **१०३५०** |

वडा नं ३ तर्फ आ.व. ०७५।०७६ को लागि गाउँसभाबाट विनियोजन भएको बजेट तथा कार्यक्रम

| **क्र.स.** | **योजनाको नाम** | **रु. हजारमा** |
|---|---|---|
| १ | लेम्चीखर्क दुधकोशी गोरेटो बाटो निर्माण | ६५० |
| २ | सिद्धकाली आ.वि. फर्निचर निर्माण | १०० |
| ३ | लप्टे खुस्कुम दलौरु डाडाघर दाम्कु सडक निर्माण | १२०० |
| ४ | पद्मकन्या आ.वि. | २०० |
| ५ | क्षेत्री समाज सामुदायिक भवन निर्माण (साविक बासा १,२ ३ को लागि निर्माण ३ मा) | १५०० |
| ६ | बस स्वास्थ्य क्लिनिक भवन निर्माण | १५०० |
| ७ | भुजेल समाज भवन फिनिसिङ | १५० |
| ८ | देबुटोल खानेपानी मर्मत | ३०० |
| ९ | साविक बासा गा.वि.स. भवन फिनिसिङ | १०५० |
| १० | बाबुछिरी आ.वि. | ५०० |
| ११ | हिमालय मा.वि. स्नातक कक्षा संचालन, पुर्वधार निर्माण | १५०० |
| १२ | लेम्ची बाल्कु खुर्बुदम चोक्टे सेम्फ्ले थोत्रेकम क्यामफार सोमबारे सडक निर्माण | १००० |
| १३ | महिला क्षमता अभिवृद्धि कार्यक्रम | १०० |
| | | **९७५०** |

वडा नं ४ तर्फ आ.व. ०७५।०७६ को लागि गाउँसभाबाट विनियोजन भएको बजेट तथा कार्यक्रम

| **क्र.स.** | **योजनाको नाम** | **रु. हजारमा** |
|---|---|---|
| १ | आईतबारे बजार व्यवस्थापन | १८०० |
| २ | काँकु मा.वि. भवन मर्मत र फिनिसिङ | ७०० |
| ३ | रेडक्रस र अतिरिक्त हुलाक भवन निर्माण | ५०० |
| ४ | कोल्दम देप्कु बाबर्खा सडक निर्माण | १४०० |
| ५ | गोमटार भुमेथान लेम्ची सडक निर्माण | १४०० |
| ६ | पोख्र्याई सेल्थाप सम्न्य थोट्ने सडक निर्माण | १००० |
| ७ | आईतबारे स्वास्थ्य केन्द्र भवन निर्माण | २०० |
| ८ | महिलाहरुलाई आधारभुत कम्प्युटर तालिम संचालन मल्टी आईकनसंगको साझेदारीमा | १५० |
| ९ | डाँडागाउँ नयाँबस्ति खानेपानी निर्माण | २०० |
| १० | सहारा बाँस लघुउद्यमी समूहलाई बास मुढा उत्पादन तथा बजारीकरण अनुदान | १०० |
| ११ | प्राङ्गारिक तरकारी लघुउद्यमी छदवल समूहलाई तरकारी उत्पादन अनुदान | १०० |
| १२ | सुनौलो सिजर्नशिल लघुउद्यमी समूहलाई बाखापालन अनुदान | १०० |
| १३ | घुम्नेमेरा लघुजलविधुत आयोजना निर्माण | ५०० |
| १४ | छेदु सिंचाई आयोजना निर्माण | १००० |
| १५ | भुमेथान गुठी व्यवस्थापन घर निर्माण | ५०० |
| | जम्मा | **९६५०** |

वडा नं ५ तर्फ आ.व. ०७५।०७६ को लागि गाउँसभाबाट विनियोजन भएको बजेट तथा कार्यक्रम

| क्र.स. | योजनाको नाम | रु. हजारमा |
|---|---|---|
| १ | छाँगाखोलाखर्क धकमलुङ सडक निर्माण | १५०० |
| २ | नाम भस्मे बुर्दुम सडक निर्माण | १५०० |
| ३ | पासधा, खाप्चिङ सडक निर्माण | ७०० |
| ४ | लाप्रा रोकपुल सडक निर्माण | ९०० |
| ५ | होलोफ्यार नगियाङ दकमलुङ सडक स्तरउन्नति | ७०० |
| ६ | झरेनी छाँगा मोरल सडक स्तरउन्नति | ७०० |
| ७ | सिलगुडी नाम सकड निर्माण | ९०० |
| ८ | सरिमा गैरीगाउँ (दलित टोल) सडक निर्माण | ५५० |
| ९ | खोलाखर्क लघुजलविधुत आयोजना थप निरन्तर | ७०० |
| १० | रोकपुल पेल्ट्रिक मर्मत | ३०० |
| ११ | दुधकोशी आ.वि. खेलमैदान | २०० |
| १२ | दलित भवन निर्माण नाम | ६०० |
| १३ | मोरल तामाङ गुठी निर्माण | ५०० |
| १४ | ईन्नोभेटि युवा क्लब भवन निर्माण | २०० |
| १५ | सिंहदेवी आ.वि. मुरल खेल मैदान | ४०० |
| १६ | रामपुर आ.वि. वाल निर्माण | २०० |
| १७ | शिशुकल्याण आ.वि. विद्यालय मर्मत | २०० |
| १८ | वडा स्तरीय बालबालिका क्षमता विकास कार्यक्रम सिंहदेवी आ.वि. | १०० |
| १९ | महिलाहरुको क्षमता अभिवृद्धि /सीप विकास कार्यक्रम | २०० |
| २० | युवा स्वरोजगार सीप विकास तालिम कार्यक्रम | ३०० |
| | | **११३५०** |

वडा नं ६ तर्फ आ.व. ०७५।०७६ को लागि गाउँसभाबाट विनियोजन भएको बजेट तथा कार्यक्रम

| **क्र.स.** | **योजनाको नाम** | **रु. हजारमा** |
|---|---|---|
| १ | फापरे तुरफ्यार रामदेल माझगाउँ जलेश्वरी आ.वि. रामदेल पसल रेग्मीटोल कोर्लु खानीगाउँ लामबगर र पसल रोयखोला खिरउ हिल सडक निर्माण | ५९०० |
| २ | पसल पानी जिरो पोईन्ट घैयाबारी ईन्दोक चोच्युमे झुम्काई चोपुदिमेरा सडक निर्माण | ६०० |
| ३ | आईलम्पिक आ.वि. फर्निचर | २०० |
| ४ | पसमदु पेलोङ्सी दुधकोशी गोरेटो बाटो निर्माण | ७०० |
| ५ | सगरमाथा मा.वि. भवन मर्मत र फर्निचर | १५०० |
| ६ | कायाघाट सेलुवा आब्दु पाप्दु ल्याम्चना फापरे डाँडाखर्क सडक स्तरउन्नति | ३०० |
| ७ | चोक्टे खानेपानी पाईप खरिद | ३०० |
| ८ | घैयाबारी खानेपानी निर्माण थप निरन्तर | ५०० |
| ९ | महिला तथा बालबालिका क्षमता अभिवृद्धि /नेतृत्व विकास कार्यक्रम | १०० |
| | | **१०१००** |

वडा नं ७ तर्फ आ.व. ०७५।०७६ को लागि गाउँसभाबाट विनियोजन भएको बजेट तथा कार्यक्रम

| क्र.स. | योजनाको नाम | रु. हजारमा |
|---|---|---|
| १ | जनजागरण महाकुण्ड आ.वि. घेराबार | ३०० |
| २ | रोचम हाकुला दङ्की त्याप्तेल व्योदी धर्मशाल सेम्फेन्याई सडक निर्माण | २५०० |
| ३ | डाँडाखर्क डि देलवाय सेम्फेन्याई किउ रमिते पातल जलेश्वरी साप्रेमा किउरेनी सोलाबन सडक निर्माण | ३३०० |
| ४ | हिमालय आ.वि. घेराबार फर्निचर भवन फिनिसिङ | १००० |
| ५ | रिप्लाखोला लघुजलविधुत आयोजना थप निरन्तर | १८०० |
| ६ | डिहीबोर्दी खानेपानी मुहान र ट्याङ्की मर्मत | ५० |
| ७ | बोर्दी डिहीभुमेथान निर्माण | २०० |
| ८ | हिल स्वास्थ्य क्लिनिक | १०० |
| ९ | रेस्पदु खानेपानी मर्मत | ६०० |
| १० | वडा कार्यालय भवन घडेरी निर्माण (सेम्फेनाई) | २०० |
| १२ | महिला तथा दलित समुदायको क्षमता अभिवृद्धि /नेतृत्व विकास कार्यक्रम | १०० |
| | | **१०१५०** |

माप्य दुधकोशी गाउँपालिका बजेट तथा कार्यक्रम तर्जुमा समिति
संयोजक : श्री जुनिता माया मगर
सदस्य : श्री तेज बहादुर थापा मगर
सदस्य : श्री साङ्गे शेर्पा
सदस्य : श्री नारायणकाजी कार्की
सदस्य : श्री कान्छी शेर्पा
सदस्य : श्री सगुजित राई
सदस्य : श्री निमराज तामाङ
सदस्य सचिव : श्री अबिलाल राई